# गण्डकी गाउँपालिका मातृ तथा वाल मृत्युदर घटाउनका लागी आधारभुत स्वास्थ्य सेवा कार्यक्रम मापदण्ड २०७९/८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- २०७९/०७/२८

प्रमाणित मिति :- २०७९/०७/२८

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

गण्डकी गाउँपालिकामा मातृ तथा वालमृत्युदर घटाउनको लागि आधारभुत स्वास्थ्य सेवा कार्यक्रम संचालन मापदण्ड , २०७९

प्रमाणिकरण मिति :-२०७९/०७/२८

पृष्ठभुमि :

गोरखा जिल्लाको ११ वटा स्थानिय तहहरु मध्ये गण्डकी गाउँपालिका पनि एक हो । यस गाउँपालिकामा विभिन्न जनजातीहरुको बसोवास रहेको छ । नेपालको परिवेशमा हेर्ने हो भने पिछडिएको वर्ग छेत्र र समुदायमा हाल अझै पनि आधारभुत स्वास्थ्य सेवाको पहुँचको अभावमा मातृ मृत्युदर र बाल मृत्युदरका घटनाहरु भईरहेका छन् । सडक सँजालबाट सगम झै देखिने यस गण्डकी गाउँपालिका शिक्षा, स्वास्थ्य, रोजगार र विकासको दृष्टिबाट हेर्ने हो भने निकै पछाडि परेको देखिन्छ । आधारभुत स्वास्थ्य सेवा समयमा नै सवैको ध्यान नपुगेमा यो समस्या बाट असोचनीय घटनाहरु घट्न सक्ने अवस्थालाई मध्यनजर गर्दै मातृ तथा वालमृत्युदर घटाउनको लागि आधारभुत स्वास्थ्य सेवा कार्यक्रम ल्याईएको छ ।

कार्यक्रमको नाम :-मातृ तथा बाल मृत्युदर घटाउन आधारभुत स्वास्थ्य सेवा कार्यक्रम ।

१. कुल वजेट :-८३00000 ।-
२. वजेटको स्रोत :-नेपाल सरकार विशेष अनुदान
३. लक्षित समुह :-सुनौला हजार दिनका आमाहरु ,वच्चा तथा किशोरकिशोरी
४. कार्यक्रम संचालन गर्ने शाखा :-स्वास्थ्य शाखा
५. कार्यक्रम अनुगमन गर्ने समिति :-योजना अनुगमन तथा सुपरिवेक्षक समिति
६. संलग्न समुह स्वास्थ्य सस्था व्यवस्थापन समिति सवै जनप्रतिनिधि संचार तथा मिडियाकर्मि

गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुम्लिचोक गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

उक्त कार्यक्रममा विनियोजित भई आएको कुल बजेटलाई देहाय बमोजिम कार्यक्रम शिर्षक तथा उपशिर्षकमा बाँडफाँड गरिएको छ ।

संचालन गर्नुपर्ने क्रियाकलापहरु

मातृ तथा बाल मृत्युदर घटाउन आधारभुत स्वास्थ्य सेवा कार्यक्रम

| क्र.स. | विवरण | रकम रु |
|---|---|---|
| १ | प्रसुति भवन निर्माण - भौगोलिक विकटताको कारण अझैपनि घरमा प्रसुति हुनेको दर घटाउन नसकेको कारण सस्थागत सुत्केरी संख्यामा उल्लेखनीय बढाउन र सुरक्षित प्रसुती सेवा प्रदान गरि आमा र बच्चाको स्वास्थ्य अवस्थामा सुधार ल्याउने (प्रसुतिगृह निर्माण ) | रु २५,०००००।- |
| २ | गर्भवति जाँच तथा परिक्षण कक्षको निर्माण :-सानोदर्बुङ्ग सामुदायिक स्वास्थ्य ईकाई (प्रसुतिगृह निर्माण ) | रु १०,०००००। । |
| | :गैरीचौतारा आधारभुत स्वास्थ्य सेवा केन्द्रमा गर्भवति जाँच तथा परिक्षण कक्षको निर्माण (प्रसुतिगृह निर्माण ) | रु १०,०००००।- |
| ३ | घ्याल्चोक आधारभुत स्वास्थ्य सेवा केन्द्रगर्भवति जाँच तथा परिक्षण कक्षको निर्माण :(प्रसुतिगृह निर्माण ) | रु१०,०००००।- |
| ४ | गण्डकी गा.पा. भित्रका स्वास्थ्य सस्था तथा सामुदायिक स्वास्थ्य ईकाईहरुबाट समेत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवस्यक सामाग्री खरिद गरि वितरण गर्ने :- जस्तै fetal dropler machine ,USG machine Gel ,eye towel ,baby warmer,delivery set ,episet ,peri light , headlight , BP set, HB quick machine and strip ,oxygen cylinder ( बर्थिङ्ग उपकरण खरिद अन्तरर्गत ) | रु ६,००००० ।- |
| ५ | -बर्थिङ्ग सेन्टरको लागि गर्भवति तथा सुत्केरी अभिलेख साथै मेडिक मोवाईल कार्यक्रम अन्तरगत महिला स्वास्थ्य स्वयं सेविकाहरुले पठाएको सन्देश अनुगमनको लागि ल्यापटप खरिद(विविध) | रु ८५०००० ।- |
| ६ | ल्याव सेवा विस्तार (फर्निचर तथा सामाग्री ) | रु १००००० ।- |
| ७ | बर्थिङ्ग सेवा दिएपश्चात रगत जन्य लत्ताकपडा सरसफाईको लागि वासिङ्ग मेसिन खरिद ( बर्थिङ्ग उपकरण तथा भौतिक खरिद अन्तरर्गत ) | रु ८००००० ।- |
| ८ | भिडियो एक्सरे प्राविधिक /अप्राविधिक भ्रमण खर्च तथा व्यवस्थापन खर्च -गण्डकी गा.पा. भित्रका विभिन्न स्वास्थ्य सस्था तथा टोल बस्तिहरुमा गई गर्भवति महिलाहरुको भिडियो एक्सरे गरे बापत यातायात भ्रमण खर्च व्यवस्थापन साथै आवस्यक व्यवस्थापन | रु १५०००० ।- |
| ९ | गर्भवति महिलाको लागि ट्याव्लेट क्याल्सियम खरिद | रु३००००० |
| | जम्मा | रु ८३,०००००।- |

उपलब्धीहरु :-

१. स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य स्वय. सेविकाहरुको नवजात शिशु तथा बालरोगको बारेमा दक्ष जनशक्ति तयार गर्ने ।

२.पिछडिएको बर्ग तथा समुदायको व्यक्तिहरुलाई सेवाको पहुँचमा ल्याउन सजिलो हुनेछ ।

३ पिछडिएको बर्ग तथा समुदायको व्यक्तिहरुको चेतना स्तर बढ्नेछ ।

४ सम्पुर्ण गर्भवति महिलाको नियमित प्रोटोकल अनुसार जाँच हुनेछ ।

५ गर्भास्थामा हुने जटिल समस्या समयमानै पहिचान भई पछि हुनसक्ने समस्याबाट आमा र बच्चाको ज्यान बचाउन सकिनेछ ।

६ होम डेलिभरी सुन्य भइ सस्थागत सुत्केरीमा बृद्धि हुनेछ ।

७ सबै गर्भवति तथा बालबालिकाहरुले पुर्ण खोप पाएको हुनेछ ।

८.आर्थिक अवस्थामा सुधार हुनेछ ।

९. मातृ मृत्युदर तथा बालमृत्युदरमा कमि आउनेछ ।

१०. सुखि नागरिक समृद्ध गाउँपालिका बन्नेछ ।

**खर्च मापदण्ड र विधि :-** नेपाल सरकार कार्य सञ्चालन निर्देशिका स्वास्थ्य मन्त्रालय कार्यक्रम सञ्चालन मार्गदर्शन र सार्वजनिक खरिद ऐन तथा नियमावली ।